# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. ०७६/७७

च.नं. ५१५९

मिति: २०७७/२/४

विषय: क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै

भरतपुर महानगरपालिका

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणका नेपालका विभिन्न सङ्क्रमित क्षेत्र र विदेशवाट आएका नागरिकहरुलाई परिवार र समाजवाट छुट्टै क्वारेन्टाइनमा राख्नु परेमा मिति २०७७।२।३ गते नगर प्रमुख श्री रेनु दाहालज्यूको अध्यक्षतामा वसेको वैठकले गरेका निर्णयहरु यसै पत्रसाथ सम्लग्न छ । सोही वमोजिम व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ।

वोधार्थ:

१) आन्तरिक वयवस्थापन तथा खरिद शाखा : भरतपुर महानगरपालिका

२) जनस्वास्थ्य प्रर्वद्धन शाखा : भरतपुर महानगरपालिका

३) सूचना शाखा, भरतपुर महानगरपालिका : वैभपेजमा राखिदिनु हुन ।

(जीवलाल कुँवर )

अधिकृतस्तर सातौ

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२ ५२५...

E-mail: ...

Scanned with CamScanner

... २०७७ साल ... गते ...

दिनमा विश्व व्यापी फैलिएको महामारि कोभिड-१९ को रोकथाम गर्ने उद्देश्य क्रममा विदेशबाट आएका नागरिकलाई क्वारेन्टाइनमा राख्ने उद्देश्य आजमा यस भरतपुर महानगरपालिका नगर प्रमुख श्री रेनु दाहालको अध्यक्षतामा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा तपसिलको उपस्थिति र निर्णय गरियो ।

उपस्थिति

नगर प्रमुख श्री रेनु दाहाल
प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमराज जोशी
वडा अध्यक्ष ५ श्री पदमपाणी सुवेदी
प्रवक्तासमेत वडा अध्यक्ष १० श्री अरुण पौडेल भण्डारी
वडा अध्यक्ष ६ श्री राजेन्द्रमणि काफ्ले
वडा अध्यक्ष १२ श्री नरेन्द्र आलदवा
वडा अध्यक्ष २८ श्री विजय कुमार जुजेल
वडा अध्यक्ष २९ श्री आश बहादुर कुमाल
अधिकृत स्तर (सातौं) श्री प्रविणलाल कुँवर
अधिकृत श्री गोपाल न्यौपाने
क. अ. श्री रघु पौडेल
प्र. ना. सु. श्री बलदेव थपलिया

प्रस्तावहरु:

१. क्वारेन्टाइन व्यवस्थापन सम्वन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ को रोगथाम र नियन्त्रणका लागि नेपालका विभिन्न संक्रमित क्षेत्र र विदेशबाट आएका नागरिकहरुलाई परिवार र समाजवाट छुट्टै क्वारेन्टाइनमा राख्नुपर्ने भएकोले भरतपुर महानगरपालिकाले निम्नानुसार मापदण्ड तयार गरी क्वारेन्टाइन व्यवस्थापन गर्ने निर्णय गरियो ।

- महानगरका सबै वडामा न्यूनतम १० वेड क्षमताको क्वारेन्टाइन स्थल स्थापना गर्ने,
- क्वारेन्टाइन स्थापना गर्दा न्यूनतम खर्च हुनेगरी स्थानीय लज, तालिम केन्द्र, होटल, स्कूल, सामुदायीक भवन जस्ता स्थानमा स्थापन गर्ने,
- क्वारेन्टाइनको लागी आवश्यक पलङ्ग सम्भव भएसम्म होटल, होमस्टे, अस्पताल, स्कुल, होस्टेलहरुवाट लिई व्यवस्था गर्ने,
- क्वारेन्टाइन्नको व्यवस्थापन हरेक वडामा गठन भएको वडास्तरीय व्यवस्थापन समितिले गर्ने,
- क्वारेन्टाइनको वेडकोलागि आवश्यक पर्ने म्याट, तन्ना, खोल, झुल जस्ता अत्यावश्यक सामानहरु महानगरपालिकाको जिन्सी शाखावाट उपलब्ध गराउने,
- नेपालका संक्रमित जिल्ला र विदेशवाट आएका व्यक्तिलाई मात्र क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने,
- क्वारेन्टाइनमा बस्ने व्यक्तीलाई सम्भव भएसम्म खाना, खाजाको व्यवस्था सम्वन्धित व्यक्तिको घरवाट गर्न लगाउने,
- क्वारेन्टाइन स्थलमा खाना बनाउने अवस्था आएमा उक्त स्थान (भान्सा), बाथरुम तथा सौचालय र वरपरको सरसफाई क्वारेन्टाइनमा बस्ने व्यक्तीहरुले नै गर्ने व्यवस्था मिलाउने,
- सुरक्षाको प्रवन्ध स्थानीय प्रशासनवाट मिलाउने र स्वास्थ्यको व्यवस्था महानगरपालिकाको स्थानीय